बैठक नः १९ | आ.ब.२०८१/०८२
स्थानः पालिका अध्यक्ष ज्यूको कार्यकक्ष | मितिः २०८२/०१/०७
समयः विहान ७.३० बजे

उल्लेखित समय, मिति र स्थानमा बढैयाताल गाउँपालिकाका अध्यक्ष श्री हिमालय त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल अनुसार सदस्य ज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो। उपस्थिति तथा भएका निर्णय यस प्रकार छन्

| सि.नं. | नाम थर | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हिमालय त्रिपाठी | अध्यक्ष | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी अधिकारी | उपाध्यक्ष | उपाध्यक्ष | |
| ३ | श्री प्रेम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डिला देव गिरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री लल्लन अहिर | वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री नरे थापा | वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री तुलाराम चोधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री शुक्रराज सांपकोटा | वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री राधेश्याम थारू | वडा अध्यक्ष | सदस्य | |
| १० | श्री तेजनाथ पोडेल | वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री बिर बहादुर थारू | वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री टिकाराम सुनार | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री अइत राम परियार | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री चन्द्र कला बि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री दिल माया सुनार | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री देवी सरा रैदास | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री कोपीला मल्ल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | श्री राम बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

आमन्त्रीत

| सि.नं. | नाम थर | पद | कार्यरत शाखा | दस्तखत |
|---|---|---|---|---|
| १ | नारायण राज त्रिपाठी | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | |
| २ | कमल खड्का थोकी | सूचना प्रविधि अधिकृत | | |
| ३. | सुमान बहादुर हमाल | सबइन्जिनियर | योजना शाखा | |

CamScanner

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. १९ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मिति: २०८२/०१/०७ समय: बिहान ७. ३० बजे

प्रस्ताव नं. १ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषय: यस बढैयाताल गाउँपालिका मैनापोखर बर्दिया र बढैयाताल गा.पा. गाउँ कार्यपालिकाको कार्यालय मैनापोखर, बर्दियाको नाममा पर्न गएको ०८१-WO-२०४६ उत्प्रेषण मुद्दाको लिखित प्रतिवाद गर्नका लागी अधिकार प्रत्यायोजन सम्बन्धमा । |
| निर्णयको कानूनी आधार: स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १८ उपदफा २ |
| निर्णय हुनु पर्ने विषय: उत्प्रेषण मुद्दाको लिखित प्रतिवाद गर्नका लागी अधिकार प्रत्यायोजन गर्ने । |
| भएको निर्णय: प्रस्तुत विषयमा यस बढैयाताल गाउँपालिका मैनापोखर बर्दिया र बढैयाताल गा.पा. गाउँ कार्यपालिकाको कार्यालय मैनापोखर, बर्दियाको नाममा सम्मनित उच्च अदालत पाटन, हरिहरभवन पुल्चोक, ललितपुरबाट उत्प्रेषण मुद्दामा जारी भएको १५ दिने म्याद मिति २०८१/१२/२५ गतेका दिन तामेली भई बुझी पाएकाले उक्त मुद्दामा लिखित प्रतिवाद गर्न यस बढैयाताल गाउँकार्यपालिकाको कार्यालय मैनापोखर, बर्दियामा कार्यरत इन्जिनीयर केशव पौडेललाई बढैयाताल गाउँपालिका मैनापोखर बर्दिया र बढैयाताल गा.पा. गाउँ कार्यपालिकाको कार्यालय मैनापोखर, बर्दियाको तर्फबाट अधिकार प्रत्यायोजन गरि पठाउने र सोको जानकारी निज इन्जिनीयर केशव पौडेललाई दिने सर्वसहमतिबाट निर्णय गरीयो । |
| प्रमाणिकरण: स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ८४ उपदफा २ बमोजिम<br><br>नाम: राम बहादुर थापा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति: २०८२/०१/०७ |

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. १९ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मिति: २०८२/०१/०७ समय: दिनको ७.३० बजे

प्रस्ताव नं. २ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

**प्रस्तावको विषय:** आगामी आ.ब.०८२/०८३ का लागी प्रदेश समपुरक अनुदान रकमबाट संचालन हुने आयोजना स्वीकृत गरिदिन माँग गर्ने सम्बन्धमा ।

**निर्णयको कानूनी अधार:** स्थानीय सरकार संचालन एन -२०७४ को परिच्छेद-१० दफा ६९(२) ग र परिच्छेद-१५ १०६(१) छ

**निर्णय हुनु पर्ने विषय:** आगामी आ.ब.०८२/०८३ का लागी प्रदेश समपुरक अनुदान रकमबाट संचालन हुने आयोजना छनोट गर्नु पर्ने ।

**भएको निर्णय:** प्रस्तुत विषयमा लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित सूचना अनुसा समपुरक अनुदान सम्बन्धि (दोस्रो संशोधन) कार्यबिधि-२०८१ बमोजिम अनुदान रकम माँगका लागि आयोजना/कार्यक्रम छनोट गरि पठाउनु हुन भनिएकोमा तपसिलका आयोजनाहरू बस्तीस्तरबाट माँग हुदै पालिकाम पटक पटक आएकोमा बजेट अभावले आयोजना स्वीकृत गरि संचालन गर्न नसकिएको र सो आयोजना संचाल भई सम्पन्न भएमा यस गाउँपालिका अन्तरगत वडा नं. ४ र ९ मा उत्पादित कृषि उपजको बजारिकरणमा रहज हुन ग उक्त वडा अन्तरगत बसोवास गर्ने किसानहरूको दैनिक जिविकोपार्जनमा प्रतक्ष असर गरि आर्थिक स्थिति सुध ल्याउनमा रणनितिक भूमिका रहने हुनाले आगामि आ.ब.०८२/०८३ का लागि प्रदेश समपूरक अनुदानबाट संचाल हुने गरि तपसिल अनुसारका आयोजना छनोट गरि लागत अनुमान अनुसारको रकम विनियोजन गरिदिन हुन अनुरो गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।

तपसिल

१.कालोपत्रे (अक्सफाल्ट) बाटो निर्माण, बढैयातल गा.पा. वडा नं. ४ चोधरीबजार देखि वडा कार्यालय रिङ्गरोड मानकिनारा गाउँ हुदै दक्षिण भकारी जनता आधारभूत विद्यालय सम्म जाने बाटो ।

२. कालोपत्रे (अक्सफाल्ट) बाटो निर्माण, बढैयातल गा.पा. वडा नं. ९ जनतानगर चोक देखि जुक्तिनगर, सेवानगर हुदै बारबर्दिया सिमाना सम्म जाने बाटो ।

**प्रमाणिकरण:** स्थानीय सरकार संचालन एन-२०७४को दफा ८४ उपदफा २ बमोजिम

नाम: राम बहादुर थापा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८२/०१/०७

CamScanner

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. १९ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मिति: २०८२/०१/०७ समय: विहान ७.३० बजे

प्रस्ताव नं. ३ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषय: आगामी आ.ब.०८२/०८३ का लागी विशेष अनुदान रकमबाट संचालन हुने आयोजना/कार्यक्रम स्वीकृत गरिदिन माँग गर्ने सम्बन्धमा। |
| निर्णयको कानूनी अधार: स्थानीय सरकार संचालन एन -२०७४ को परिच्छेद-१० दफा ६९(२) ग र परिच्छेद-१५ १०६(१) छ |
| निर्णय हुनु पर्ने विषय: आगामी आ.ब.०८२/०८३ का लागी विशेष अनुदान रकमबाट संचालन हुने आयोजना/कार्यक्रम छनोट गर्नु पर्ने। |
| भएको निर्णय: प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प्रकाशित सूचना अनुसार विशेष अनुदान सम्बन्धि (दोस्रो संशोधन) कार्यबिधि-२०८१ बमोजिम अनुदान रकम माँगका लागि आयोजना/कार्यक्रम छनोट गरि पठाउनु हुन भनिएकोमा यस गाँउपालिका अन्तरगत सबै वडाहरूमा दलित, जनजाति, बिपन्न मुक्तकमैया र सुकुम्बासिहरूको बसोबास अत्याधिक रहेका कारण स्वच्छ खानेपानी अभावले प्रदुसित पानी पिउन बाध्य रहेकाले सबै वडाहरूमा हाल खानेपानीका टंकी निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेका हुनले खानेपानी टंकी देखि उपभोक्ताको घर सम्म खानेपानीको पाईप विस्तार गर्न अत्यआवस्यक रहेकाले उल्लेखित आयोजना संचालन गरि सबै वडाहरूमा दलित, जनजाति, बिपन्न मुक्तकमैया र सुकुम्बासिहरू जिवन रक्षा गर्न अति आवस्य रहेकाले लुम्बिनी प्रदेश विशेष अनुदान सम्बन्धी(दोस्रो संशोधन) कार्यबिधि-२०८१ (३) १ ग अनुसार यस बढैयाताल गाउँपालिका अन्तरगत वडा नं. १,२,३,४, ५, ६, ७, ८ र ९ मा खानेपानीको पाइप विस्तार आयोजना आगामी आ.ब. २०८२/०८३ का लागि विशेष अनुदान रकमबाट संचालन हुने गरि स्वीकृतका साथै रकम विनियोजनका लागि अनुरोध गर्ने सर्वसहमतिबाट निर्णय गरियो।<br>तपसिल<br>१. खानेपानीको पाइप विस्तार बढैयाताल गाउँपालिका अन्तरगत वडा नं. १,२,३,४, ५, ६, ७, ८ र ९ |
| प्रमाणिकरण: स्थानीय सरकार संचालन एन-२०७४ को दफा ८४ उपदफा २ बमोजिम<br>नाम: राम बहादुर थापा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति: २०८२/०१/०७ |

राम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. ११ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मिति: २०८२/०१/०७ समय: बिहान ७.३० बजे

प्रस्ताव नं. ४ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषय: यस स्थानीय तह अन्तरगत कार्यरत कर्मचारीहरूको तहमिलान तथा तहवृद्धि सम्बन्धमा । |
| निर्णयको कानूनी आधार: लुम्बिनी प्रदेश स्थानीय निजामति सेवा ऐन-२०८१ को दफा ७ उपदफा १-१३ र दफा ३१ उपदफा १ |
| निर्णय हुनु पर्ने विषय: यस स्थानीय तह अन्तरगत कार्यरत कर्मचारीहरूको तहमिलान तथा तहवृद्धिका लागि आवस्यक प्रक्रिया अघिबढाउने । |
| भएको निर्णय: प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगत सबै शाखामा कार्यरत स्थानीय तहका कर्मचारीहरूको स्थानीय निजामति सेवा ऐन-२०८१ अनुसार योग्यता पुगेका स्थायि कर्मचारीकोहरूको ऐनको को दफा ७ उपदफा १-१३ र दफा ३१ उपदफा १ अनुसार तहमिलान तथा तहवृद्धिका लागि आवस्यक प्रक्रिया अघिबढाई योग्यता पुगेका कर्मचारीहरूको तहमिलान तथा तहवृद्धि गर्ने सर्वसहमतिबाट निर्णय गरीयो । |
| प्रमाणिकरण: स्थानीय सरकार संचालन ऐन-२०७४को दफा ८४ उपदफा २ बमोजिम<br><br>नाम: राम बहादुर थापा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति: २०८२/०१/०७ |

CamScanner

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. १९ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मिति: २०८२/०१/०७ समय: बिहान ७:३० बजे

प्रस्ताव नं. ५ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

प्रस्तावको विषय: सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता तथा वृद्धि नपुग रकम माँग सम्बन्धमा ।

निर्णयको कानूनी आधार: सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि-२०७७

निर्णय हुनु पर्ने विषय: सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता तथा वृद्धि नपुग रकम माँग गर्ने ।

भएको निर्णय: प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगत सबै वडामा रहेका जेष्ठनागरिक, दलित जेष्ठनागरिक, एकल महिला, पूर्णअशक्त र आसिंक असक्तहरू यस आ.ब.का लागि कुल रू २०,४०,३३,०००/- रकम निकास रहेकोमा हाल सम्म तेस्रो चोमासिक भुक्तानी दिदा रू १६,१६,०६,२०९/- खर्च भएकोले नपुग हुने रू १,८०,७५,०००/- थप निकासाका लागि माँग लागि सम्बन्धित निकायमा गर्ने सर्वसहमतिबाट निर्णय गरीयो ।

प्रमाणिकरण: स्थानीय सरकार संचालन ऐन-२०७४को दफा ८४ उपदफा २ बमोजिम

नाम: राम बहादुर थापा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८२/०१/०७